राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २८१ २०८३ जेठ १ गते शुक्रवार (15 May. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## कर्मचारीको तलब बढाउन एमालेको माग

दैनिक समाचारदाता
काठमाडौँ ३१ वैशाख। नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले सरकारी कर्मचारीको तलब-भत्ता वृद्धि गर्न सरकारसँग माग गरेको छ। तीन-तीन वर्षमा तलब वृद्धि हुनुपर्ने व्यवस्था भए पनि चार वर्षसम्म वृद्धि नभएको भन्दै एमालेले असन्तुष्टि जनाएको हो।



आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममाथिको संशोधन प्रस्तावमा छलफल गर्दै राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्षसमेत रहेका एमाले सांसद पुष्पराज कँडेलले नीति तथा कार्यक्रममा कर्मचारीको तलब वृद्धि सम्बन्धी विषय नसमेटिनु दुःखद भएको बताए। उनले सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम अपूर्ण र असन्तुलित रहेको टिप्पणी गर्दै १६औँ पञ्चवर्षीय योजनाको विषय नै उल्लेख नगरिएको बताए। कँडेलले दुईवटा बाहेक अन्य राष्ट्रिय गौरवका आयोजनाबारे स्पष्ट नीति नआएको, दिगो विकास लक्ष्य तथा नेपाललाई विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने विषय ओझेलमा परेको र सङ्घीयता सबलीकरणको सवाल पनि समेटिन नसकेको आरोप लगाए।

## सुशासनको शैलीमाथि महन्थ ठाकुरको प्रश्न

दैनिक समाचारदाता
काठमाडौँ ३१ वैशाख। महन्थ ठाकुरले सरकारको सुशासनको परिभाषा र पछिल्लो कार्यशैलीमाथि गम्भीर प्रश्न उठाएका छन्।



राष्ट्रिय सभा बैठकमा बोल्दै ठाकुरले सरकारले जनआन्दोलनको मर्मविपरीत गतिविधि गरिरहेको आरोप लगाए। सुकुम्बासी बस्तीमा डोजर चलाउने कार्यलाई सरकारले 'सुशासन'को नाम दिएको भन्दै उनले त्यसप्रति कडा आपत्ति जनाए।

भ्रष्टाचारसम्बन्धी प्रसङ्गमा उनले सरकारी कोषको दुरुपयोग भ्रष्टाचार भए पनि सेवाग्राहीले स्वेच्छाले दिने 'उपहार'लाई सोही दृष्टिले हेर्न नहुने तर्क गरे। उनले सम्पत्ति शुद्धीकरणका नाममा व्यवसायीहरूलाई त्रसित बनाइएको आरोप लगाउँदै प्रधानमन्त्रीको कार्यशैलीमाथि समेत व्यङ्ग्य गरे।

ठाकुरले विशेष गरी निजी क्षेत्र तथा मारवाडी समुदायमाथि राज्यको व्यवहारप्रति असन्तुष्टि व्यक्त गरे। मारवाडी समाजले शिक्षा, स्वास्थ्य र उद्यमशीलतामा महत्वपूर्ण योगदान पुर्‍याएको उल्लेख गर्दै उनले व्यवसायीलाई त्रसित बनाउने वातावरणमा लगानी र आर्थिक विकास सम्भव नहुने बताए।

उनले भने, "जनआन्दोलनको मुख्य उद्देश्य कुशासन र भ्रष्टाचार अन्त्य गर्नु थियो। तर अहिले सुकुम्बासीमाथि डोजर चलाइएको छ। के यसैलाई सुशासन भन्ने हो ? एकातिर सरकारले स्वदेशी तथा विदेशी लगानी आह्वान गरिरहेको छ, अर्कोतिर स्वदेशी व्यवसायी नै त्रसित भएर देश छोड्ने अवस्था सिर्जना भएको छ।"

महन्थ ठाकुरले मुलुकमा 'न्यायिक आतङ्क' बढ्दै गएको दाबी गर्दै वर्तमान संविधानका केही प्रावधान सुधार गर्नुपर्ने आवश्यकता औँल्याए। राज्यको पछिल्लो चरित्रले लोकतन्त्र र कानुनी शासनमाथि चुनौती थपेको उनको भनाइ थियो।

व्यवसायीलाई जेल पठाउने र आतंकित बनाउने प्रवृत्तिले देशको अर्थतन्त्रमा गम्भीर असर पर्ने चेतावनी पनि उनले दिएका छन्।

# कुपोषण न्यूनीकरणमा समन्वय आवश्यक : सभामुख यादव

दैनिक समाचारदाता
जनकपुरधाम, ३१ वैशाख। रामआशिष यादवले कुपोषण न्यूनीकरण तथा मातृ(शिशु स्वास्थ्य सुधारका लागि प्रदेश सरकार, स्थानीय तह र सरोकारवाला निकायबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताएका छन्।



स्वास्थ्य निर्देशनालयद्वारा लालगढमा आयोजित तीनदिने 'प्रदेशस्तरीय पोषण नीति संवाद तथा शिखर सम्मेलन'को समापन कार्यक्रममा उनले पोषणको विषय केवल स्वास्थ्य क्षेत्रसँग मात्र सीमित नरही शिक्षा, कृषि, खानेपानी, सरसफाइ र सामाजिक चेतनासँग पनि प्रत्यक्ष जोडिएको बताए।

उनले मधेश प्रदेशमा अझै पनि बालबालिका तथा महिलामा कुपोषण गम्भीर चुनौतीका रूपमा रहेको उल्लेख गर्दै त्यसको न्यूनीकरणका लागि दीर्घकालीन नीति, व्यावहारिक योजना र प्रभावकारी कार्यान्वयन आवश्यक रहेकोमा जोड दिए।

रूपाकुमारी यादवले महिला स्वास्थ्य, बालअधिकार र पोषण सुरक्षालाई प्राथमिकतामा राखेर नीति निर्माण गर्नुपर्ने बताइन्। ग्रामीण तथा विपन्न समुदायमा पोषणसम्बन्धी चेतनाको अभाव अझै रहेको भन्दै उनले स्थानीय तहसँग सहकार्य गरी जनचेतनामूलक अभियान सञ्चालन गर्नुपर्ने धारणा राखिन्।

त्यस्तै प्रमोद यादवले पोषण र जनसङ्ख्याबीच प्रत्यक्ष सम्बन्ध रहेको उल्लेख गर्दै जनसङ्ख्या वृद्धि, गरिबी, अशिक्षा तथा असन्तुलित खानपानका कारण कुपोषणको समस्या चुनौतीपूर्ण बनेको बताए।

सम्मेलनमा पोषण, मातृ तथा शिशु स्वास्थ्य, किशोरी पोषण, जनसङ्ख्या अवस्था, खाद्य सुरक्षा तथा पोषणमैत्री नीति कार्यान्वयनलगायत विषयमा पाँच वटा कार्यपत्र प्रस्तुत गरिएको थियो।

## मन्त्रिपरिषद्को नयाँ कार्यविभाजन

दैनिक समाचारदाता
काठमाडौं, ३१ वैशाख। रामचन्द्र पौडेलले मन्त्रिपरिषद्को नयाँ कार्यविभाजनअनुसार मन्त्रीहरूको जिम्मेवारी निर्धारण गरेका छन्। संविधानको धारा ७६ को उपधारा (९) बमोजिम गठित सरकारमा प्रधानमन्त्री बालेन्द्र शाहको सिफारिसमा मन्त्रीहरूको नियुक्ति, हेरफेर तथा कार्यविभाजन गरिएको राष्ट्रपति कार्यालयले जनाएको छ।

नयाँ कार्यविभाजनअनुसार प्रधानमन्त्री बालेन्द्र शाहले रक्षा, गृह तथा विज्ञान, प्रविधि एवं नवप्रवर्तन मन्त्रालयको जिम्मेवारी सम्हाल्ने भएका छन्।

यस्तै, स्वर्णिम वाग्लेलाई अर्थ मन्त्रालय, शिशिर खनाललाई परराष्ट्र मन्त्रालय तथा विराजभक्त श्रेष्ठलाई ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको जिम्मेवारी दिइएको छ।पूर्वाधार विकास मन्त्रालय सुनिल लम्साल, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय सोविता गौतम र महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक एवं सामाजिक सुरक्षा मन्त्रालय सीता बादीलाई तोकिएको छ।

त्यस्तै भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय प्रतिभा रावल, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय निशा मेहता, शिक्षा तथा खेलकुद मन्त्रालय सस्मित पोखरेल र संस्कृति, पर्यटन तथा नागरिक उययन मन्त्रालय खडकराज पौडेललाई दिइएको छ।

सूचना तथा सञ्चार मन्त्रालय विक्रम तिमिल्सिना, कृषि, वन तथा पर्यावरण मन्त्रालय गीता चौधरी, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय गौरी कुमारी तथा युवा, श्रम तथा रोजगार मन्त्रालय रामजी यादवलाई जिम्मेवारी दिइएको छ।

## सुर्तीजन्य धूम्रपान छोडौं, स्वस्थ जीवनशैली अपनाऔं।

- धूम्रपानले क्यान्सर, मुटुरोग र श्वासप्रश्वाससम्बन्धी समस्याहरू निम्त्याउँछ,
- धूम्रपान स्वास्थ्यका लागि हानिकारक हुन्छ,


*त्यसैले.*

- सार्वजनिक स्थानहरूमा धूम्रपान नगरौं,
- किशोर-किशोरीहरूलाई धूम्रपानबाट टाढा राखौं,
- धूम्रपानको लतबाट मुक्त हुन आवश्यक परामर्श र सहयोग लिऔं,
- धूम्रपानरहित वातावरण सिर्जना गरौं,
- आफ्नो र परिवारको स्वास्थ्यको संरक्षण गरौं,
- धूम्रपान छोड्ने संकल्प गरौं.
- धूम्रपानविरुद्ध जनचेतना फैलाऔं र स्वस्थ समाज निर्माण गरौं।


**स्वस्थ जीवन, उज्ज्वल भविष्यको आधार ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

अब अनलाइनबाट बुकिङ्गको सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्पिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी



सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# संसदप्रति प्रधानमन्त्रीको उत्तरदायित्व

प्रधानमन्त्री बालेन्द्र शाहको संसदमा अनुपस्थितिलाई लिएर बुधबार प्रतिनिधिसभादेखि सडकसम्म देखिएको असन्तोष केवल एक दिनको राजनीतिक विवाद होइन, यो संसदीय उत्तरदायित्व, लोकतान्त्रिक संस्कार र राज्य सञ्चालनको शैलीसँग जोडिएको गम्भीर प्रश्न हो । सरकारको नीति तथा कार्यक्रममाथिको छलफल जस्तो महत्वपूर्ण विषयमा प्रधानमन्त्री स्वयं अनुपस्थित रहनु स्वाभाविक रूपमा राजनीतिक बहस र आलोचनाको विषय बन्ने नै भयो । संसद अवरोध हुनु र सडकमा प्रतीकात्मक विरोध प्रदर्शन हुनु यही असन्तुष्टिको प्रतिफल हो ।

संसदीय शासन प्रणालीमा प्रधानमन्त्री सरकारको प्रमुख मात्र होइनन्, संसदप्रति प्रत्यक्ष उत्तरदायी व्यक्ति पनि हुन् । सरकारको नीति तथा कार्यक्रम सरकारको आगामी दिशा, प्राथमिकता र प्रतिबद्धताको औपचारिक दस्तावेज हो । त्यसैले त्यस्तो दस्तावेजमाथि उठेका प्रश्नको सामना गर्ने, आलोचनाको जवाफ दिने र सांसदहरूको जिज्ञासाको सम्बोधन गर्ने दायित्व प्रधानमन्त्रीकै हुन्छ । नियमावलीले अनुपस्थितिमा मन्त्रीलाई जवाफ दिने सुविधा दिएको हुन सक्छ, तर राजनीतिक उत्तरदायित्व केवल कानुनी व्यवस्थाले मात्र मापन हुँदैन । लोकतान्त्रिक अभ्यासमा नैतिक जिम्मेवारी र राजनीतिक संस्कार अझ ठूलो विषय हो ।

विपक्षी दलहरूले उठाएको प्रश्न यही हो । प्रधानमन्त्री संसदमा उपस्थित हुनुपर्ने मागलाई केवल प्रतिपक्षको राजनीतिक रणनीति भनेर टार्न मिल्दैन । जनताले निर्वाचित प्रतिनिधिमार्फत सरकारसँग जवाफ खोजिरहेका हुन्छन् । संसद भनेकै सरकारलाई प्रश्न गर्ने, जवाफदेही बनाउने र नीति परीक्षण गर्ने सर्वोच्च लोकतान्त्रिक थलो हो । यदि प्रधानमन्त्री त्यही थलोबाट टाढा रहने अवस्था सिर्जना हुन्छ भने त्यसले सरकार संसदप्रति कति संवेदनशील छ भन्ने प्रश्न उठाउँछ ।

बुधबार माइतीघर मण्डलामा भएको प्रदर्शनले पनि यही असन्तोषलाई प्रतीकात्मक रूपमा उजागर गरेको छ । मुखमा कालो टेप लगाएर गरिएको विरोध केवल प्रधानमन्त्रीविरुद्धको नाराबाजी थिएन, त्यो सरकारको संवादहीन शैलीप्रतिको असन्तुष्टि पनि थियो । लोकतन्त्रमा आलोचनाबाट भाग्ने वा मौन बस्ने प्रवृत्तिले अन्ततः अविश्वास र असन्तोषलाई नै बढाउँछ ।

अर्कोतर्फ, संसद अवरोध गरेर निरन्तर गतिरोध सिर्जना गर्नु पनि दीर्घकालीन समाधान होइन । विपक्षी दलको भूमिका सरकारलाई उत्तरदायी बनाउनु हो, तर संसद नै अवरुद्ध हुँदा जनताका अन्य महत्वपूर्ण विषय ओझेलमा पर्न सक्छन् । त्यसैले सत्ता र प्रतिपक्ष दुवैले संवाद र सहमतिमार्फत निकास खोज्नु आवश्यक छ । संसद चल्न नसक्नु लोकतन्त्रकै कमजोरीको संकेत बन्न सक्छ ।

सभामुखको भूमिकामाथि पनि प्रश्न उठेको छ । डीपी अर्यालले कानुनी सीमाको प्रस्टीकरण दिए पनि संसद सुचारु गराउने नैतिक र राजनीतिक जिम्मेवारी सभामुखको पनि हुन्छ । संसदको गरिमा जोगाउने, पक्ष-प्रतिपक्षबीच समन्वय गर्ने र गतिरोध अन्त्यका लागि पहल गर्ने दायित्वबाट सभामुख अलग रहन सक्दैनन् ।

यस घटनाले नेपालको संसदीय अभ्यासमा अझै परिपक्वता आवश्यक रहेको देखाएको छ । लोकतन्त्र केवल निर्वाचनबाट सीमित हुँदैन, त्यसलाई बलियो बनाउने तत्व भनेको निरन्तर संवाद, जवाफदेहिता र संस्थाप्रतिको सम्मान हो । प्रधानमन्त्री संसदमा उपस्थित हुनु बाध्यता मात्र होइन, लोकतान्त्रिक संस्कृतिप्रतिको सम्मान पनि हो । त्यस्तै, विपक्षी दलहरूले पनि विरोधलाई जिम्मेवार र परिणाममुखी बनाउनुपर्छ ।

अहिलेको परिस्थितिमा सबैभन्दा आवश्यक कुरा सत्ता र प्रतिपक्षबीचको टकराव होइन, संवाद र सहकार्य हो । संसदलाई अवरुद्ध र जनतालाई निराश बनाउने राजनीति कसैका लागि पनि लाभदायक हुँदैन । लोकतन्त्रको सौन्दर्य शक्ति प्रदर्शनमा होइन, उत्तरदायी व्यवहार र सहमतिमा निहित हुन्छ ।

# सुकुमबासीलाई समस्या देख्ने कि अवसर ?



डा. आरसी लामिछाने

महान् वैज्ञानिक अल्वर्ट आन्सटाईनका अनुसार, 'एउटा सोचको तहबाट सिर्जना भएको समस्या, त्यही तहको सोचबाट समाधान हुन सक्दैन । समस्या समाधान गर्न खोजिएको हो भने सोचको तह बदल्नै पर्छ ।' नेपालको भूमिहीन तथा सुकुमबासी समस्या पनि ठिक त्यही अवस्थामा छ ।

दशकौँदेखि यो विषयलाई राजनीतिक नाराबाजी, अस्थायी आयोग, टालटुले वितरण र चुनावी आश्वासनको माध्यमबाट हेरियो तर समस्या समाधान हुनुको सट्टा झन् जटिल बन्दै गयो । कारण स्पष्ट छ, समस्यालाई समस्या जस्तै गरेर मात्र हेरियो, अवसरका रूपमा हेरिएन । जबसम्म राज्यले भूमिहीन अवस्थालाई गरिबी, अव्यवस्था र राजनीतिक बोझका रूपमा मात्र हेर्छ, तबसम्म यो समस्या समाधान हुँदैन ।

तर जुन दिन राज्यले यही जनशक्तिलाई उत्पादनशील शक्ति, श्रमशक्ति र नयाँ आर्थिक आधारका रूपमा हेर्न सुरु गर्छ, त्यही दिनबाट नेपालमा सामाजिक तथा आर्थिक रूपान्तरणको नयाँ अध्याय सुरु हुनेछ । विगतमा गरिब, किसान र सुकुमबासीको नाममा राजनीति गर्ने धेरै शक्तिहरू सत्तामा पुगे । तर उनीहरूले यो समस्यालाई राष्ट्रिय पुनर्निर्माणको अवसरका रूपमा उपयोग गर्न सकेनन् ।

त्यसैले बालेन नेतृत्वको सरकारसँग इतिहास बदल्ने दुर्लभ अवसर छ । अब सरकार समक्ष मूल प्रश्न के हो भने के नेपाल फेरि पुरानै शैलीमा समस्या धकेलिरहने देश बन्नेछ वा यही अवसरलाई उपयोग गरेर नयाँ इतिहास निर्माण गर्नेछ ? के वर्तमान सरकारसँग लाखौँ नागरिकको जीवन बदल्दै नेपाललाई आधुनिक, व्यवस्थित र उत्पादनमुखी राष्ट्रमा रूपान्तरण गर्ने साहस छ ? इतिहासले सधैँ अवसर दिन्न, तर जब दिन्छ, त्यसलाई समात्ने राष्ट्रहरू नै अगाडि बढ्छन् ।




पछिल्लो समय राष्ट्रिय भूमि आयोगद्वारा सङ्कलित विवरणअनुसार नेपालमा करिब ८८ हजार भूमिहीन दलित, १ लाख ६७ हजार भूमिहीन सुकुमबासी र ८ लाख ६७ हजार अव्यवस्थित बसोबासी परिवार रहेका छन् । अर्थात् ११ लाखभन्दा बढी परिवार कुनै न कुनै रूपमा भूमि तथा व्यवस्थित बसोबास समस्यासँग जोडिएका छन् । यद्यपि, व्यावहारिक रूपमा तत्काल पुनर्स्थापना आवश्यक पर्ने परिवारको सङ्ख्या करिब दुई देखि तीन लाखबिचमा हुन सक्ने देखिन्छ ।

यी परिवारलाई योजनाबद्ध रूपमा आर्थिक केन्द्र नजिक पुनर्स्थापन गरियो भने नेपालले पाँच वर्षभित्रै अव्यवस्थित बस्ती, वन अतिक्रमण, जोखिमयुक्त बसोबास, बेरोजगारी र अव्यवस्थित सहरीकरणजस्ता समस्यालाई उल्लेखनीय रूपमा घटाउन सक्छ । वास्तवमा भूमिहीनता भनेको केवल घर नहुनु मात्र होइन । यो बेरोजगारी, कमजोर उत्पादन प्रणाली, सामाजिक असुरक्षा, नदीकिनार अतिक्रमण, वन विनाश र दीर्घकालीन राष्ट्रिय योजना अभावसँग जोडिएको राष्ट्रिय चुनौती हो ।

यो समस्याका कारण हजारौँ परिवार आफ्नै देशमा शरणार्थी जस्तो जीवन बिताउन बाध्य छन् । उनीहरूसँग नागरिकता छ, मताधिकार छ, तर सम्मानजनक जीवनको आधार छैन । तर फरक तरिकाले सोच्ने हो भने यही समुदाय नेपालकै सबैभन्दा ठुलो सम्भावना पनि हो । राज्यले उनीहरूलाई 'समस्या' नभई 'राष्ट्र निर्माणको साझेदार' का रूपमा हेर्ने हो भने यही जनशक्तिले नेपालको सामाजिक र आर्थिक संरचना बदल्न सक्छ ।

संसारका धेरै राष्ट्रहरूले कमजोर समुदायलाई बोझका रूपमा नभई विकासको ऊर्जा बनाएर प्रगति गरेका छन् । अब नेपालले पनि त्यही बाटो समाउनु पर्ने समय आएको छ ।

नेपालमा करिब तीन लाख भूमिहीन परिवार रहेको अनुमान गरिन्छ । यदि प्रत्येक परिवारलाई न्यूनतम आठ आना जमिन, सुरक्षित आवास, करेसाबारी, शिक्षा, स्वास्थ्य र रोजगारीसँग जोडिएको 'एकीकृत बस्ती तथा उत्पादन मोडेल' अन्तर्गत पुनर्स्थापन गरियो भने नेपालले दशकौँ पुरानो सामाजिक तनाव अन्त्य गर्न सक्छ ।

तीन लाख परिवारका लागि करिब सात हजार पाँच सय हेक्टर जमिन पर्याप्त हुन सक्छ, जुन राष्ट्रिय स्तरमा असम्भव क्षेत्रफल होइन । वास्तवमा यो जमिनको समस्या भन्दा पनि व्यवस्थापन, इच्छाशक्ति र प्रस्ट दृष्टिकोणको प्रश्न हो । अहिले देशभरि अव्यवस्थित रूपमा प्रयोग भइरहेका धेरै जमिन वैज्ञानिक व्यवस्थापन मार्फत पुनः राज्यको नियन्त्रणमा आउन सक्छन् ।

त्यसकारण जमिनका बारेमा देशले चिन्ता लिनु पर्दैन । यसरी व्यवस्थापन गर्न सक्दा एकातर्फ खोलाकिनार, जङ्गल क्षेत्र र जोखिमयुक्त बस्तीहरू व्यवस्थित हुनेछन भने अर्कोतर्फ उद्योग, निर्माण, कृषि र सेवा क्षेत्रमा आवश्यक श्रमशक्ति आर्थिक केन्द्र नजिक केन्द्रित हुन्छ । यही सोचका आधारमा सरकारले दमक, इटहरी, विराटनगर, जनकपुर, वीरगञ्ज, हेटौडा, भरतपुर, बुटवल, पोखरा, नेपालगञ्ज, धनगढी लगायत आर्थिक केन्द्र नजिक योजनाबद्ध आधुनिक बस्ती विकास गर्न सक्छ ।

यसले यी बस्तीहरूलाई आधुनिक नेपालको आर्थिक उत्पादन केन्द्रका रूपमा रुपान्तरण गर्न सक्छ । यस्ता एकीकृत बस्तीहरूले ठुला सहरलाई आवश्यक जनशक्ति, उत्पादन र सेवा आपूर्ति गर्नेछन् र देशलाई योजनाबद्ध सहरीकरणतर्फ लैजानेछन् । राज्यसँग स्पष्ट दृष्टि, दृढ राजनीतिक इच्छाशक्ति र परिणाममुखी कार्यसंस्कृति हुने हो भने यो योजना दशकौँ लाग्ने परियोजना होइन ।

उच्चस्तरीय राष्ट्रिय प्रतिबद्धतासहित काम गर्ने हो भने आगामी दुई वर्षभित्रै आधारभूत रूपान्तरण सुरु गर्न सकिन्छ । पहिलो तीन महिनाभित्र भूमिहीन परिवारहरूको डिजिटल पहिचान, वास्तविक लाभग्राही प्रमाणीकरण, वैज्ञानिक भू-उपयोग योजना र उपयुक्त जमिन छनोट गर्न सकिन्छ । त्यसपछि नौ महिनाभित्र सडक, पानी, बिजुली, ढल, इन्टरनेट र आधारभूत पूर्वाधार निर्माणसँगै स्थानीय

*बाँकी पृष्ठ ३मा*

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# चामलमा विषादी भेटिएको मुद्दा दर्ता गर्न आदेश

दैनिक समाचारदाता
काठमाडौं ३१ वैशाख । उपभोक्ता अदालतले चामल लगायतका खाद्यान्नमा विषादी भेटिएको भन्दै परेको मुद्दा दर्ता गर्न आदेश दिएको छ । अदालत प्रशासनले क्षेत्राधिकार नभएको मुद्दा दर्ता गर्न खोजेको भन्दै दर्ता गर्न अस्वीकार गरेको थियो ।

उपभोक्ता अदालतका अध्यक्ष डा. दिवाकर भट्ट, सदस्यहरु गेहेन्द्रराज रेग्मी र आनन्दराज पोखरेलको इजलासले उपभोक्ताको हकहितसँग जोडिएको विषयमा फिराद परेको भन्दै दर्ता गर्न आदेश दिएको हो ।

उपभोक्ता अदालतले आफ्नो आदेशमा भनेको छ, 'मानव स्वास्थ्यमा गम्भीर असर पुर्याउने विषादीयुक्त प्रयोगलाई रोकी उपभोक्ताको बाँच्न पाउने, स्वस्थ वस्तु र सेवाको उपभोगलाई व्यवस्थित र सुनिश्चित गराउने समेतका विषयलाई लिई दायर हुन आएको प्रस्तुत फिरादपत्र यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने नै देखिंदा सेस्तेदारबाट भएको दरपीठ आदेश बदर गरिदिएको छ ।'

वरिष्ठ अधिवक्ता विष्णुप्रसाद तिमिल्सिनाले चालम लगायत अन्य खाद्यान्नमा अत्यधिक विषादी प्रयोग भएको र त्यसलाई रोक्नुपर्ने आदेशको माग सहित त्यसलाई रोक्न माग गर्दै उपभोक्ता अदालतमा गतसाता फिरादपत्र पेश गरेका थिए ।

उनले नेपालमा आयात हुने चामलमा अत्यधिक विषादी प्रयोग गरेको भेटिएको तर चामल आयात गर्ने कारोबारीहरुले



त्यसको परीक्षण नगरेको दाबीसहित उनले विषादी परीक्षणपछि मात्रै चामल भित्र्याउन र वितरण गर्न दिनुपर्ने माग राखेका छन् ।

गतवर्ष प्रोग्रेसिभ सस्टेनेवल डेप्लोपर्स तथा त्यसका अनुसन्धानले केही नमुना परीक्षण गर्दा खाद्यान्नमा विषादी प्रयोग गरेको भेटिएको थियो । प्रतिवेदन अनुसार, चामलमा ढुंसी नियन्त्रण गर्ने रसायन तथा किरा रोग नियन्त्रण गर्ने विषादीको ८३ प्रतिशत अवशेष भेटिएको थियो ।

परीक्षण भएकोमध्ये ८० प्रतिशत भन्दा बढी नमुनामा दुई वा त्यो भन्दा बढी प्रकारका विषादी प्रयोग भएको भन्दै बरिष्ठ अधिवक्ता तिमल्सिना र मञ्चले बजार अनुगमनको दायरा बढाउन र खाद्यान्नमा विषादी परीक्षण गर्न माग गरेका हुन् ।

'धान किसान र थोक व्यापारीहरुले प्रतिबन्धित तथा हानीकारक विषादीहरुको प्रयोग गरेको अध्ययन प्रतिवेदनमा उल्लेख छ' उपभोक्ता अदालतमा पेश गरेको निवेदनमा भनिएको छ, 'दीर्घकालिन विषादी सेवनले क्यान्सर जस्ता गम्भिर रोगको जोखिम बढाउने प्रतिवेदनमा उल्लेख छ । यसबाट म लगायत चामलको दैनिक उपभोग गर्ने लाखौं उपभोक्तालाई चिन्तित मात्र होइन त्रसित तुल्याएको छ ।'

उपभोक्ता अदालत गठन भएपछिका एक वर्षमा उपभोक्ताले आफूलाई हानीनोक्सानी परेको विषयमा व्यक्तिगत रुपमा मुद्दामामिला गरेका थिए । तर उपभोक्ताहरुलाई सामूहिक रुपमा नै हानी भएको दावी सहित उपभोक्ता अदालतमा मुद्दा परेको यो पहिलो मुद्दा हो । सेवा प्रदायकको गल्ती र त्यसमा नियामक निकायको कमजोर नियमनले चामल उपभोक्ता गर्ने समग्र उपभोक्ताको स्वास्थ्यमा असर परेको भन्दै निवेदनमा सामूहिक दुस्कृति(मास टर्ट)को सिद्धान्त अनुसार कारवाहीको माग छ ।

मुद्दामा नेपालमा चामल आयात गर्दा विषादी परीक्षण गरेको भए कागजात पेश गर्न लगाउन आदेशको माग छ । स्थानीय तहहरुले खाद्यान्न निरीक्षण अधिकृतको व्यवस्था गर्नुपर्नेमा त्यसो नगरेको भन्दै काठमाडौं उपत्यकाका स्थानीय तहलाई चामलमा विषादी प्रयोगका वारेमा नमुना संकलन र जाँच गरी निरिक्षण प्रतिवेदन पेश गर्न लगाउन आदेश मागेका छन् ।

केही संस्था र व्यक्तिहरुले चामलको नमुना संकलन गरेर परीक्षण गर्दा त्यहाँ विषादीको मात्रा रहेको थाह पाएका थिए । प्रोग्रेसिभ सस्टेनेवल डेप्लोपर्स, त्यसका अध्यक्ष एवं प्रमुख अनुसन्धानकर्ता डा. गोविन्द भण्डारी र अनुसन्धानकर्ता उत्कल सापकोटालाई झिकाएर उनीहरुको अध्ययन सहितको प्रतिवेदन पेश गर्न पनि माग गरिएको छ ।

सरकारले विषादीको नियमन गर्न प्लान्ट क्वारेन्टीन तथा विषादी व्यवस्थापन केन्द्र स्थापना गरेको छ । त्यहाँबाट अनुमती नलिई विषादी बिक्रीवितरण गर्न पाइदैन । मुद्दामा त्यो निकायबाट विषादीहरुको विवरण र त्यसको खपतसम्बन्धी विवरण मगाई अध्ययन गर्न माग छ ।

ती निकाय सहित खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, वाणिज्य तथा आपूर्ति उपभोक्ता संरक्षण विभाग अनि भन्सार विभागलाई समेत उपत्यकाका प्रत्यक्षेक जिल्लाका फरकफरक ठाँउबाट चामल, तरकारी र फलफूलको नमुना संकलन गरी विषादी परिक्षण प्रतिवेदन पेश गर्न लगाउनू भन्ने आदेशको माग छ ।

# सुकुमबासीलाइ.................

सामग्रीमा आधारित आवास निर्माण गरेर वर्षदिन भित्र घर हस्तान्तरण गर्न सकिन्छ ।

यसका लागि पुरानो प्रशासनिक शैलीलाई विद्युतीय गतिको राष्ट्रिय कार्यसंस्कृतिले विस्थापन गर्न सक्नु पर्छ । नेपालले भूकम्पपछिको पुनर्निर्माण गर्न सक्छ भने आफ्नै नागरिकलाई सम्मानजनक जीवन दिन अझ ठुलो सङ्कल्प गर्न किन सक्दैन ? प्रश्न स्रोतको होइन, सोच र इच्छाशक्तिको हो ।

आर्थिक रूपमा पनि यो योजना पूर्णतया व्यवहारिक छ । एउटा सुरक्षित र वातावरणमैत्री घरको औसत लागत पाँच लाख रुपैयाँ मान्ने हो भने तीन लाख घर निर्माणका लागि करिब एक खर्ब ५० अर्ब रुपैयाँ आवश्यक पर्छ । पहिलो दृष्टिमा यो रकम ठुलो देखिए पनि राष्ट्रिय अर्थतन्त्रको दृष्टिले यो असम्भव लगानी होइन । नेपालले हरेक वर्ष अरबौं रुपैयाँ अनुत्पादक क्षेत्रमा खर्च गरिरहेको छ । यदि त्यही स्रोतलाई दीर्घकालीन सामाजिक तथा आर्थिक रूपान्तरणमा केन्द्रित गरियो भने यसको प्रतिफल धेरै गुणा ठुलो हुनेछ ।

अझ सबै घर महँगा कङ्क्रिट संरचनामा बनाउनुपर्छ भन्ने सोच पनि वैज्ञानिक होइन । नेपालको भूगोलअनुसार तराईमा बाँस, कम्प्रेस्ड ब्लक र स्थानीय इँटा, पहाडमा ढुंगा, माटो, स्लेट र स्थानीय काठ प्रयोग गरेर कम लागतमा टिकाउ घर निर्माण गर्न सकिन्छ । सामुदायिक श्रमदान, स्थानीय मिस्त्री र प्राविधिक परिचालनले लागत घटाउनुका साथै समुदायमा स्वामित्व भावना पनि बढाउँछ । त्यसैले यो अभियान सरकार एक्लैले गर्ने कार्यक्रम नभई यो सम्पूर्ण राष्ट्रले मिलेर सञ्चालन गर्ने राष्ट्रिय पुनर्निर्माण अभियान बन्नुपर्छ ।

नेपालले भूकम्प, बाढी वा विपद्को बेला राष्ट्रिय एकता देखाउन सक्छ भने आफ्नै नागरिकलाई सम्मानजनक जीवन दिनका लागि किन सक्दैन ? वास्तवमा यो खर्च नै होइन । यो त नेपालको भविष्यमा गरिने सबैभन्दा महत्त्वपूर्ण सामाजिक आर्थिक लगानी हो । सरकारले राष्ट्रिय भूमिहीन आवास तथा पुनर्स्थापन कोष स्थापना गरेर प्रारम्भिक बजेट सुनिश्चित गर्न सक्छ । विपद् कोषमा आर्थिक सङ्कलन गरेजस्तै सरकारले यो अभियानका लागि पनि राष्ट्रिय सहयोग जुटाउन सक्छ ।

निजी क्षेत्रलाई सामाजिक उत्तरदायित्व अन्तर्गत जोड्न सकिन्छ, बैंक तथा वित्तीय संस्थालाई सहुलियत लगानीमा सहभागी गराउन सकिन्छ । अन्तर्राष्ट्रिय दातृ निकायसँग सहकार्य गर्न सकिन्छ र प्रवासी नेपालीलाई राष्ट्र निर्माणको अभियानमा योगदान गर्न प्रेरित गर्न सकिन्छ । स्थानीय तहलाई भूमि व्यवस्थापन र पूर्वाधार विकासको जिम्मेवारी दिन सकिन्छ । त्यसैले यहाँ मुख्य कुरा अर्थतन्त्रको होइन, यो त राष्ट्रिय इच्छाशक्ति, दूरदृष्टि र नेतृत्व क्षमताको हो ।

यो योजना इमान्दारीपूर्वक कार्यान्वयन गरियो भने आगामी पाँच वर्षभित्र नेपालमा ऐतिहासिक परिवर्तन सम्भव हुनेछ । खोलाकिनार र जङ्गल अतिक्रमण घट्नेछ, लाखौं रोजगारी सिर्जना हुनेछन्, वैदेशिक पलायन कम हुनेछ, योजनाबद्ध सहरीकरण सम्भव हुनेछ र सामाजिक असुरक्षा घट्नेछ । स्थानीय उत्पादन प्रणाली बलियो हुँदा आयात निर्भरता क्रमशः कम हुँदै जानेछ ।

सबैभन्दा महत्त्वपूर्ण कुरा, भूमिहीन समुदायलाई सहायताको आस गर्ने समूहबाट राष्ट्र निर्माणको साझेदारमा रूपान्तरण गर्न सकिनेछ । यही परिवर्तनले नेपालको आर्थिक संरचना, सामाजिक स्थिरता र राष्ट्रिय आत्मविश्वासलाई नयाँ उचाइमा पुर्‍याउन सक्नेछ । नेपालले धेरै वर्ष समस्याको चर्चा गर्‍यो; अब समाधानको इतिहास लेख्ने समय आएको छ ।

भूमिहीनता कुनै एउटा राजनीतिक दलको मुद्दा हुँदै होइन; यो सम्पूर्ण नेपाली राज्यको साझा नैतिक र ऐतिहासिक जिम्मेवारी हो । त्यसैले यो कार्यक्रम सरकार फेरिएसँगै रोकिने परियोजना हुनु हुँदैन । यो त संसद्बाट राष्ट्रिय सङ्कल्पका रूपमा पारित हुने दीर्घकालीन राष्ट्रिय अभियान बन्नु पर्छ । पारदर्शी वितरण प्रणाली, डिजिटल भूमि अभिलेख, भूमाफिया नियन्त्रण र सबै दलको साझा प्रतिबद्धता बिना यो सम्भव हुँदैन ।

यदि कुनै सरकारले यो अभियान सफलतापूर्वक कार्यान्वयन गर्‍यो भने त्यो केवल राजनीतिक उपलब्धि मात्र हुनेछैन; त्यो त नेपालको आधुनिक इतिहासकै सबैभन्दा ठुलो सामाजिक-आर्थिक रूपान्तरणमध्ये एक हुनेछ । नेपाललाई केवल सडक, भवन र भाषणले मात्र विकसित बनाउन सकिँदैन । वास्तविक विकास तब सम्भव हुन्छ, जब प्रत्येक नागरिकले सुरक्षित आवास, सम्मानजनक जीवन र उत्पादनशील अवसर प्राप्त गर्नेछन् ।

भूमिहीनलाई घर दिनु राज्यको दायित्व हो । रोजगारीसहितको एकीकृत बस्ती निर्माण गर्नु खर्च नभई राष्ट्र निर्माणको आधार हो । अब नेपालसामु एउटै प्रश्न छ, यो सरकार पनि विगतका सरकार जस्तै समस्यालाई बोकेर हिँड्ने सरकार बन्ने वा समस्यालाई अवसरमा बदल्दै सरकार बन्नेछ ? रोजाई बालेन सरकारकै ।

# शैक्षिक विकासमा विश्व बैंकले सघाउने

दैनिक समाचारदाता
काठमाडौँ ३१ वैशाख । विश्व बैंकले मुलुकको शैक्षिक विकासमा सक्दो सहयोग गर्ने बताएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलसँग आज शिक्षा मन्त्रालयमा भएको भेटमा यहाँस्थित विश्व बैङ्कका देशीय निर्देशक डेभिड सिस्लेनले उक्त कुरा बताएका हुन् ।

त्यस अवसरमा उनीहरुबीच शिक्षा क्षेत्र सुधार, पूर्वाधार विस्तार र प्रविधिमैत्री शिक्षा प्रणालीबारे छलफल भएको थियो । विश्व बैङ्कले विशेषगरी विद्यालय तथा शैक्षिक पूर्वाधार विकासमा थप लगानी र सहकार्य गर्न इच्छुक रहेको जनाएको छ । दीर्घकालीन सुधार र गुणस्तरीय शिक्षामा पहुँच विस्तारका लागि साझेदारीलाई थप प्रभावकारी बनाउने विषयमा पनि छलफल भएको उक्त मन्त्रालयले जनाएको छ ।

मन्त्री पोखरेलले सरकारका प्राथमिकताबारे जानकारी गराउँदै शैक्षिक पूर्वाधार विकास, 'फाउन्डेसन लर्निङ' सुदृढीकरण र शिक्षामा 'डिजिटाइजेसन' तथा प्रविधि विस्तारलाई सरकारको प्रमुख 'एजेन्डा'का रूपमा अघि बढाइएको बताए ।

# सय दिनमा १०१ गल्ती गरेर सरकार आफैँ ढल्छ : कांग्रेस प्रवक्ता

दैनिक समाचारदाता
पोखरा ३१ वैशाख । नेपाली कांग्रेसका नेता तथा प्रवक्ता देवराज चालिसेले वर्तमान सरकार आफ्नो असक्षमता र गल्तीका कारण आफैँ पतनको बाटोमा गएको दाबी गरेका छन् । बिहीबार पोखरामा आयोजित कांग्रेसको विशेष प्रादेशिक भेलालाई सम्बोधन गर्दै उनले सरकारको कार्यशैली पूर्ण रूपमा असफल भइसकेको टिप्पणी गरे ।

'अहिले सरकार बनेको ४६ दिन भइसक्यो । तर यसले ४६ भन्दा बढी गल्ती गरिसकेको छ,' उनले भने, 'सय दिनमा १०१ गल्ती गर्ने सरकार आफैँ ढलेको इतिहास हामीले देखिसकेका छौँ । यो सरकार पनि त्यसै गरी ढल्छ ।'

कार्यक्रममा उनले स्थानीय तहका जनप्रतिनिधिहरूलाई आगामी निर्वाचनलाई अन्तिम परीक्षाका रूपमा लिन सचेत



गराए । '५ वर्षको महत्त्व नेतालाई हुन्छ । अहिले हामी पाँचौं वर्षमा छौं,' उनले थपे, 'यो स्थानीय तहका नेतृत्वका लागि अन्तिम परीक्षा हो । तपाईँले यति दिन के के गर्नुभयो, त्यसको मूल्याङ्कन अब चुनावले गर्नेछ ।' चालिसेले पार्टीको छवि सुधार्न ठुला भाषणभन्दा स-साना र अर्थपूर्ण व्यवहारिक परिवर्तन आवश्यक रहेको बताए ।

नेपाली कांग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले भेला आयोजना गरेको हो ।

भेलामा प्रदेशबाट प्रतिनिधित्व गर्ने केन्द्रीय पदाधिकारी तथा सदस्यहरू, प्रदेशका मन्त्री तथा सांसद, जिल्ला समन्वय समितिका प्रमुख/उपप्रमुख, क्षेत्रीय सभापति र स्थानीय तहका जनप्रतिनिधिहरूको उपस्थिति छ ।

बिहानको सुरुवात ताजा समाचारसँगै । बिहान-बिहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

## सिन्धुली घटनाको प्रतिवेदन

# इन्स्पेक्टरसहित दुई जनालाई कारबाही सिफारिस

दैनिक समाचारदाता
काठमाडौँ ३१ वैशाख । नेपाल प्रहरीले सिन्धुलीको खुर्कोटस्थित इलाका प्रहरी कार्यालयको हिरासतमा रहेका श्रीकृष्ण बिकको मृत्यु घटनाबारे छानबिन प्रतिवेदन गृह मन्त्रालयमा पठाएको छ।

दिनेश आचार्य नेतृत्वको छानबिन समितिले प्रहरी महानिरीक्षक दान बहादुर कार्कीलाई प्रतिवेदन बुझाएको हो। प्रहरी प्रवक्ता अबि नारायण काफ्लेका अनुसार समितिले वैशाख २९ गते प्रतिवेदन बुझाएको तथा त्यसलाई गृह मन्त्रालयमा पठाएको छ।

सिन्धुलीको सुनकोशी गाउँपालिका-३ जुम्लीडाँडाका २३ वर्षीय श्रीकृष्ण बिकलाई वैशाख ३ गते प्रहरी वृत्त सातदोबाटोबाट खटिएको टोलीले पक्राउ गरी सिन्धुली पठाएको थियो। प्रहरीका अनुसार वैशाख ७ गते साँझ ५:५९ बजे इलाका प्रहरी कार्यालय खुर्कोटको हिरासत शौचालयमा उनले आफ्नै शर्टको पासो लगाएर फुन्डिएको



अवस्थामा भेटिएका थिए।

तर खगेन्द्र सुनारलगायतले बिकको मृत्यु शङ्कास्पद रहेको दाबी गर्दै आएका छन्।

छानबिन समितिले भने श्रीकृष्णको मृत्यु फुन्डिएर नै भएको निष्कर्ष निकालेको छ। समितिका अनुसार मृतकको शरीरमा कुनै चोटपटक वा कुटपिटको प्रमाण फेला परेको छैन। त्रिवि शिक्षण अस्पतालमा चार जना चिकित्सकको संलग्नतामा गरिएको पोस्टमार्टम रिपोर्टमा पनि झुन्डिएर मृत्यु भएको उल्लेख गरिएको छ।

समितिले इलाका प्रहरी कार्यालय खुर्कोटका इन्स्पेक्टर वसन्त भुजेलसहित ड्युटीमा रहेका दुई प्रहरी कर्मचारीमाथि विभागीय कारबाही गर्न सिफारिस गरेको छ।

वैशाख ११ गते गठन गरिएको छानबिन समितिमा एसपी रवीन्द्रनाथ पौडेल, इन्स्पेक्टर इन्द्रजित सुनार, इन्स्पेक्टर प्रेम रेग्मी र सई राजेश्वर सापकोटा सदस्य रहेका थिए। समितिलाई सात दिनभित्र प्रतिवेदन बुझाउन भनिए पनि पोस्टमार्टम रिपोर्ट ढिला आउँदा छानबिन प्रक्रिया लम्बिएको बताइएको छ। समितिले हिरासतभित्र मानव अधिकार तथा थुनुवाको सुरक्षालाई थप प्रभावकारी बनाउन प्रहरी हेडक्वार्टरलाई विभिन्न सुझावसमेत दिएको छ। प्रहरी युनिटभित्र थुनुवा र सेवाग्राहीको सुरक्षाको जिम्मेवारी इन्चार्जको हुने भएकाले सुरक्षा व्यवस्था कडा बनाउनुपर्ने सुझाव प्रतिवेदनमा समेटिएको स्रोतले जनाएको छ।

# इरानको आणविक मुद्दामा अमेरिका-चीन सहमत



दैनिक समाचारदाता
काठमाडौं, ३१ वैशाख। संयुक्त राज्य अमेरिका र चीनबीच इरानलाई आणविक हतियार विकास गर्न नदिने विषयमा सहमति भएको छ।

बेइजिङमा जारी शिखर वार्ताका क्रममा अमेरिकी राष्ट्रपति ड्नल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच इरानको आणविक महत्त्वाकांक्षा रोक्नुपर्ने विषयमा महत्वपूर्ण समझदारी बनेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन्।

समाचार संस्था रोयटर्सका अनुसार दुवै शक्तिराष्ट्र इरानलाई कुनै पनि अवस्थामा आणविक हतियार प्राप्त गर्न नदिने पक्षमा एकमत देखिएका हुन्।

यसैबीच, वार्ताका क्रममा ताइवानको विषय उल्लेख नगरिएको विषय कूटनीतिक वृत्तमा चर्चाको विषय बनेको छ। ह्वाइट हाउसले सार्वजनिक गरेको विवरणमा ताइवान सम्बन्धी प्रसंग समावेश नगरिएपछि यसलाई अर्थपूर्ण मौनताका रूपमा हेरिएको छ।

चिनियाँ सञ्चारमाध्यमहरूले ताइवानलाई अमेरिका(चीन सम्बन्धको संवेदनशील र द्वन्द्वको प्रमुख विषयका रूपमा प्रस्तुत गर्दै आएका छन्। यस्तो अवस्थामा अमेरिकी पक्षको मौनताले बेइजिङ वार्ताप्रति थप चासो बढाएको विश्लेषण गरिएको छ।

# सप्तरीमा बेपत्ता महिलाको शव फेला



दैनिक समाचारदाता
सप्तरी, ३१ वैशाख। तिलाठी कोईलाडी गाउँपालिका-५ बनरझुल्ला टोलकी ३६ वर्षीया अनिता देवी राय एक साताोदेखि बेपत्ता रहेको अवस्थामा मृत फेला पर्नुभएको छ। उहाँको शव बुधबार सोही वडाको 'नौ किलोमिटर' भन्ने स्थानस्थित कोशी नदीको स्परमा कुहिएको अवस्थामा फेला परेको हो।

अर्धनग्न अवस्थामा फेला परेको शवको प्रारम्भिक अनुसन्धानका आधारमा हत्या गरी कोशी नदीको स्परमा फालिएको अनुमान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले बताउनुभयो।

उहाँका अनुसार मृतकका हात र खुट्टा बाँधिएको तथा ढुङ्गा प्रहार गरी हत्या गरिएको देखिएको छ।

"मृतकले लगाएको साडीले हात-खुट्टा बाँधिएको तथा श्रीमान् प्रयोग गर्ने भेस्टमा गह्रौं ढुङ्गा राखेर घाँटीमा बाँधिएको अवस्थामा शव फेला परेको देखिन्छ," प्रहरीको प्रारम्भिक भनाइ उद्धृत गर्दै उहाँले भन्नुभयो।

तिलाठी कोईलाडी-५ का वडाध्यक्ष ललन राउतका अनुसार गत बुधबार छिमेकीको विवाहमा परिवारका सदस्य गएका बेला चार-पाँच जनाको अपरिचित समूहले अनिताको अपहरण गरेको हो।

अपहरणको क्रममा प्रतिवाद गर्दा उनी घाइते भएको र आँगनमा रगतका छिटा देखिएकाले प्रतिकारका बाबजुद उनलाई नियन्त्रणमा लिइएको हुनसक्ने अनुमान गरिएको वडाध्यक्ष राउतले बताउनुभयो।

मृतकका श्रीमान् छोटु भनिने विरेन्द्र राय विगत दुई वर्षदेखि वैदेशिक रोजगारीमा विदेशमा रहेको प्रहरीले जनाएको छ। घटनाको जानकारी पाएलगत्तै प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरी नेतृत्वको टोली घटनास्थल पुगेर अनुसन्धान थालेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# सप्तरीमा फरक-फरक मुद्दाका तीन जना पक्राउ

दैनिक समाचारदाता
राजविराज, ३१ वैशाख। सप्तरी जिल्ला प्रहरीले विभिन्न तीन वटा मुद्दामा संलग्न रहेको आरोपमा तीन जनालाई पक्राउ गरेको छ। पक्राउ परेकामाथि अभद्र व्यवहार, आत्महत्या दुरुत्साहन तथा लागुऔषधसम्बन्धी मुद्दाका आरोप रहेको प्रहरीले जनाएको छ।अभद्र व्यवहार मुद्दामा राजविराज नगरपालिका-६ निवासी ४३ वर्षीय फिरोजलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। उहाँले २०८३ वैशाख ९ गते राजविराज-७ स्थित एक सिटी सप अगाडि चप्पल-बकसामाथि मोटरसाइकल चढाएको विषयमा विवाद हुँदा गालीगलौज तथा कुटपिट गरेको आरोप छ। घटना पछि फरार रहेका उहाँलाई राजविराज-६ स्थित राम मन्दिर अगाडिबाट पक्राउ गरिएको हो। जिल्ला प्रशासन कार्यालय सप्तरीबाट छ दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

यस्तै आत्महत्या दुरुत्साहन मुद्दामा गणेशमान चारनाथ नगरपालिका-८ निवासी २३ वर्षीय अमितकुमार यादव पक्राउ पर्नुभएको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीका अनुसार २०८२ चैत १४ गते तिलाठी कोइलाडी गाउँपालिका-४ निवासी मनिषाकुमारी मण्डलले विषादी सेवन गरेपछि उपचारका क्रममा सोही दिन उहाँको मृत्यु भएको थियो।

यादवले टिकटक लाइभमार्फत अश्लील तथा अपमानजनक गालीगलौज गरेको भिडियो सार्वजनिक गरेको कारण मानसिक तनावमा परी मण्डलले विषादी सेवन गरेको भन्दै चन्दनकुमार मण्डल धानुकले जाहेरी दिनुभएको थियो। सोही आधारमा मुद्दा दर्ता गरी यादवलाई गणेशमान चारनाथबाट पक्राउ गरिएको हो। सप्तरी जिल्ला अदालतबाट चार दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।


त्यसैगरी लागुऔषध मुद्दामा कञ्चनरुप नगरपालिका-९ निवासी ३१ वर्षीया मनिरेखा कुमारी यादवलाई पक्राउ गरिएको छ। उहाँको साथबाट ३.३२ ग्राम ब्राउन सुगर र १६२.२ ग्राम गाँजा बरामद गरिएको प्रहरीले जनाएको छ। उहाँलाई सप्तरी जिल्ला अदालतबाट छ दिन म्याद थप गरी थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ।

### सडक सुरक्षा

मोबाइलमा होइन सडकमा हेरौं,
जीवन लिने दुर्घटना टारौं।
सबैले साबधानी अपनाऔं, लापरबाही गरी ज्यानलाई
जोखिममा नपारौं।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

अब उत्कृष्ट भविष्यको रोजाई



## MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४